# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, कात्तिक २५ गते २०४८ साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी हस्तकला उत्पादक संघले भारतबाट आयात गरेको रू. ५,२०,६२६।– मूल्य बराबरको रंगाइ सम्बन्धी मेशीनमा लाग्ने भन्सार महसूल एवं बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी इम्प्रूभिंग दी इफिसियन्सी अफ एजुकेशनल सिष्टम्स (IEES) प्रोजेक्ट अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयको जनशक्ति तथा तथ्यांक शाखाको लागि USAID ले सिंगापुरबाट मगाएको यू. एस. डलर १७१३.०० बराबरको देहाय अनुसारको सामग्रीको पैठारीमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सामानको विवरणः–

१) एक सेट कम्प्युटर औजार

२) कम्प्युटर सफ्टवेयर
   नोर्टन युटिलिटी
   फास्ट युटिलिटि व्याक
   विन्डोज
   वर्ड फर विन्डोज
   क्यागो प्रो
   सिस्टांट ५.१ डब्लु। सिस्ग्राफ
   हावोर्ड ग्राफिक्स
   पेजमेकर

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८